## Section I: Invitation for Bid

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# दुहवी, सुनसरी

प्रथम पटक प्रकाशित मिति २०७४□१०□१८

यस कार्यालयको आ.ब. ०७४□७५ को तपसील बमोजिमको स्वीकृत कार्यक्रमहरू शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैक, ईनरूवामा रहेको यस दुहवी नगरापालिका, नगर कार्यपालिकाको कार्यालयको खाता नं.२२२०३०४०१८१०३ वा NIC Asia को **A8CA499378524003** मा जम्मा गरेको **भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रका र आ.ब.२०७३/०७४ कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्रको प्रमाणित** प्रतिलिपिहरू संलग्न राखी यस कार्यालय, दुहवी,सुनसरी तथा Duhabibhaluwamun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०७४□११□१८ गतेका) दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ र E-procurement का लागि PPMO को website www.bolpatra.gov.np बाट पनि बोलपत्र भर्न सकिन्छ ।

२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सबै विवरण रितपूर्वक भरि बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरि कामको विवरण, बोलपत्रको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मिति ३१ औ. (मिति २०७४□११□१९) गतेका दिन दिउसोको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. सिलबन्दी बोलपत्र फारमसाथ जमानत बापत तपसिलमा तोकिएको रकम रा.बा.बैक ईनरूवा, सुनसरी स्थित कार्यालयको धरौटी खाता नं.२२२०३०३००७१०३ वा NIC Asia को **A8CA499378524003** मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरूबाट बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

६. बोलपत्रदाताले बोलपत्रपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा अंशिक रूपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

९. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

११. यो सुचना सार्वजनिक खरिद अनुगमन कार्यालय **website:** www.bolpatra.gov.np र दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको **website:** www.duhabibhaluwamun.gov.np मा समेत राखिएको छ ।

१२. बोलपत्र स्वीकृत भएपछि फरफरमेन्स बण्ड बापत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतमा कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।

१३. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

तपसिल

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टिनजेन्सी बाहेक) | बोल पत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०९/२०७४/०७५ | नाला निर्माण कार्य (दुहवी नगरपालिका वडा नं. ६, मोरंगियाको घर देखि दक्षिण दुर्गाकाली मन्दिर जाने बाटो ) | ६०,६८,९९७।३० | १,७१,५००।०० | ३०००।०० |
| २. | १०/२०७४/०७५ | नाला निर्माण कार्य (दुहवी नगरपालिका वडा नं. २, तुताहा चौक देखि उत्तर बग्दे जाने बाटो ) | ४४,३३,७५७।४२ | १,२५,५००।०० | ३०००।०० |